कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८०/०८१ (उद्योग, सहकारी तथा उपभोक्ता हित संरक्षण उप-शाखा)

च.नं.: १८४३

मिति २०८०/११/२०

श्री सहकारी संस्याहरु सबै
(कोहलपुर नगरपालिकामा कार्यक्षेत्र भएका)

विषय :- निर्देशन सम्वन्धमा ।

प्रस्तुत विषयमा सहकारी ऐन,२०७४,सहकारी नियमावली २०७५ र कोहलपुर सहकारी ऐन,२०७४ साथै नियामक निकायवाट जारी भएका निर्देशिका, मापदण्ड र कार्यविधिको अधिनमा रही सहकारी संस्याले आफ्नो कार्यसंचालनको लागी विनियम तथा आन्तरिक कार्यविधि वनाई सोही अनुसार संस्या संचालन गर्नुपर्ने अवगत नै होला । तर कतिपय सहकारी संस्याहरुको विनियम तथा अन्य कागजातहरुको अध्ययन गर्दा तपसिल वमोजिमको कैफियत देखिएकाले प्रचलित ऐन, कानुन र नियामक निकायहरुवाट विभिन्न समयमा जारी भएका निर्देशन ,मापदण्ड र कार्यविधि अनुसार संस्या संचालन गर्नुहुन यो निर्देशन जारी गरिएको व्यहोरा अनुरोध छ ।

अन्यथा प्रचलित ऐन, कानुन र नियामक निकायहरुवाट विभिन्न समयमा जारी भएका निर्देशन , मापदण्ड र कार्यविधि संग वाझिएका विनियम तथा अन्तरिक कार्यविधि बाझिएको हदसम्म अमान्य हुनेछन ।

तपसिल

१. एउटै व्यक्ति एउटै पदमा लगातार २(दुई) कार्यकाल भन्दा संचालक समितिमा रहेको ।
कोहलपुर सहकारी ऐन ,२०७४ को दफा ३०(१) विपरित ।

२. एउटै व्यक्ति १(एक) भन्दा वढी सहकारी संस्याको संचालक समितिमा रहेको।
कोहलपुर सहकारी ऐन ,२०७४ को दफा ३०(४) विपरित

३. तोकिएको समयमा लेखापरीक्षण र साधारण सभा नगरेको ।
कोहलपुर सहकारी ऐन ,२०७४ को दफा २८(२) र दफा ५४ (१) विपरित

४. वचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्याको हकमा लेखापरिक्षण प्रतिवेदनमा पर्ल्स (PEARLS) विधि वमोजिमको अवस्था विश्लेपण गर्नु पर्नेमा सो नभएको।
सहकारी संस्याको लेखापरीक्षण निर्देशिका ,२०७५ को दफा २८(१) विपरित

५. कोपोमिस (COPOMIS) मा अभिलेख प्रविष्ट नगरेको ।
सहकारी विभागको निर्देशन

६. लेखापरीक्षण प्रतिवेदनमा औल्याइएका सुझावहरु कार्यान्वयन नगरेको ।

२०८०/११/२०

अग्निप्रसाद आचार्य
(सहकारी उप-शाखा)

अग्नि प्रसाद आचार्य
अधिकृत छैठौं

info@kohalpurmun.gov.np, iccp@kohalpurmun.gov.np
+९७७-०८१-५४०००९
www.kohalpurmun.gov.np
www.facebook.com/kohalpurmun
www.twitter.com/kohalpurmun